14th sept 2026

यो आकाशवाणी गान्तोक हो

समाचार

हरितालिका तीज

आज हरितालिका तीज हो। यस अवसरमा राज्यका राज्यपाल ओम प्रकाश माथुर अनि मुख्यमन्त्री प्रेम सिंह तामाङले सिक्किमवासीला शुभकामना सन्देश दिएका छन्। सिक्किमका राज्यपाल ओमप्रकाश माथुरले यस अवसरमा सिक्किमवासी, विशेषगरी आमाहरू तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गरेका छन्।

आफ्नो सन्देशमा राज्यपाल माथुरले तीज पर्व नारीको श्रद्धा, प्रेम र समर्पणको प्रतीक हुनुका साथै भारतीय संस्कृति तथा लोकपरम्पराको जीवन्त पहिचान रहेको बताएका छन्। राज्यपाल माथुरले भगवान शिव र माता पार्वतीसँग सिक्किमका प्रत्येक नागरिकको सुख, शान्ति, समृद्धि र उत्तम स्वास्थ्यको कामना पनि गरेका छन्। यसै गरि,सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङ गोलेले पनि तीज अर्थात् हरितालिका पर्वको अवसरमा सिक्किमवासी, विशेषगरी आमा तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गरेका छन्। आफ्नो शुभकामना सन्देशमा मुख्यमन्त्री गोलेले तीज प्रेम, भक्ति, आस्था र एकताको पर्व भएको बताउँदै यसले परिवार, समाज र दिदीबहिनीबीचको आत्मीय सम्बन्धलाई अझ बलियो बनाउने उल्लेख गरेका छन्।

जनसेवा भवन

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले गणेश चतुर्थी तथा तीजको शुभ अवसरमा आज गान्तोक जिल्ला अन्तर्गतको लुम्सेमा नवनिर्मित जनसेवा भवन अर्थात् मिनी सचिवालयको वास्तु पूजा गरेका छन्।

मुख्यमन्त्री तामाङले जनसेवा भवन केवल नयाँ सरकारी भवन मात्र नभई जनताको घरदैलोमा शासन प्रणाली पुऱ्याउने तथा सार्वजनिक सेवा प्रवाहलाई सरल, छिटो र सहज बनाउने दिशामा महत्वपूर्ण कदम रहेको बताएका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीले हालै सिक्किम भ्रमणका क्रममा यस भवनको भर्चुअल माध्यमबाट उद्घाटन गरेका थिए।

जनसेवा भवन, 15 सेप्टेम्बर 2026 देखि औपचारिक रूपमा सेवा सञ्चालन हुनेछ। यहाँ ग्रामीण विकास, स्वास्थ्य तथा परिवार कल्याण, शिक्षा, जलस्रोत, सिक्किम लोक सेवा आयोग तथा निगम विभागलगायतका कार्यालय सञ्चालन हुनेछन्। मुख्यमन्त्री तामाङले नयाँ सुविधाबाट कार्यरत अधिकारी तथा कर्मचारीहरूले अझ समर्पण, दक्षता, संवेदनशीलता र सेवाभावका साथ आफ्नो जिम्मेवारी निर्वाह गर्ने विश्वास व्यक्त गरेका छन्।

रिम्बी

लगातार परेको वर्षासँगै गेजिङ जिल्लाको रिम्बी क्षेत्रमा पहिरो र आकस्मिक बाढीको जोखिम केही समयदेखि बढेको छ। पटक–पटक पहिरो खस्नुका साथै आकस्मिक बाढी आउन थालेपछि केही परिवार सुरक्षित स्थानतर्फ सर्न बाध्य हुन थालेका छन्।

शनिबार आकस्मिक बाढीका कारण क्षतिग्रस्त भएको रिम्बी–युक्सम–ताशीडिङ–खीचीपेरी सडकखण्ड आइतबार पुनः सञ्चालनमा आए पनि लगातारको वर्षापछि मित खोलास्थित सडकखण्डमा पुनः ठूलो पहिरो खस्दा अहिले मार्ग पूर्ण रूपमा अवरुद्ध भएको छ।

पीआईबी

 पीआईबी शिमलाबाट आएको 13 सदस्यीय सञ्चार टोलीले आज सिक्किमको तिमी चिया बगान तथा कारखानाको भ्रमण गरेको छ।

भ्रमणका क्रममा वरिष्ठ अधिकारीहरूले टोलीलाई चिया उत्पादनका विभिन्न पक्ष तथा गुणस्तर नियन्त्रणबारे जानकारी गराएका थिए।

सञ्चार टोलीसँगको अन्तरक्रियामा तिमी चियाकी प्रबन्ध निर्देशक राधा प्रधानले तिमी चियाको गुणस्तरमा कुनै सम्झौता नगरिने बताउँदै नयाँ उत्पादनमार्फत नयाँ पुस्ताका उपभोक्तामाझ बजार विस्तार गर्ने आफ्नो दृष्टिकोण साझा गरिइन्।

उनले तिमी चियाको पहुँच विस्तार गर्न फ्रेन्चाइज मोडलमा समेत काम भइरहेको र यसलाई चाँडै सुरु गर्ने तयारी रहेको जानकारी दिएकी छन्। साथै जापान, जर्मनी, अमेरिका र कोरियालगायतका अन्तर्राष्ट्रिय बजारमा तिमी चियाको पहुँच विस्तार गर्न आवश्यक कदम चालिरहेको उनले बताएकी छन्।

रम्फु

किर्गिस्तानमा सम्पन्न 13औँ विश्व स्ट्रेन्थलिफ्टिङ तथा IBP च्याम्पियनसिप 2026 मा उत्कृष्ट प्रदर्शन गर्ने सिक्किमका चार खेलाडीलाई आज रम्फुमा  सम्मान तथा स्वागत गरिएको छ।

एसकेएम स्पोर्ट्स विङले आयोजना गरेको स्वागत कार्यक्रममा  95 केजी मास्टर पुरुष वर्गमा स्वर्ण पदक जित्ने पेमा दोर्जी भुटिया, दुई स्वर्णसहित स्ट्रेन्थलिफ्टिङको 'ओभरअल च्याम्पियन

अफ च्याम्पियन्स' बन्न सफल सङ्गीता तामाङ र दुई स्वर्णसहित 'हाइएस्ट आईबीपी च्याम्पियन' बनेकी बिनु सुब्बालाई सम्मान गरिएको हो। यसैगरी डा. मिलन प्रधानले प्रतियोगितामा दुई रजत पदक हासिल गरेका थिए। कार्यक्रममा खेलकुद संघका प्रतिनिधि, खेलाडीका परिवार तथा शुभेच्छुकहरूको सहभागिता रहेको थियो।